# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


# प्रेस विज्ञप्ति

२०७५ वैशाख २०

## अभिव्यक्ति स्वतन्त्रताको रक्षा गर ।

### सन्दर्भः विश्व प्रेस स्वतन्त्रता दिवस

लोकतन्त्रको आधारस्तम्भको रूपमा रहेको अभिव्यक्ति स्वतन्त्रता र यसको पक्षमा कलम चलाउने पत्रकारहरुले विगत् देखि हत्या, बेपत्ता, आक्रमण, धम्की लगायतबाट पीडित हुँदै आएको र यस्ता घटनामा संलग्न दोषीलाई कानूनी दायरामा ल्याउन नसकेको अवस्थाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

शसस्त्र द्वन्दको समयमा पत्रकारहरू माथि भएका हत्या, बेपत्ता, गैर कानुनी थुना लगायतका घटना सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले यस अघि नेपाल सरकारलाई सिफारिस गरेको थियो । विगत दुई दशकको तथ्यांकलाई हेर्ने हो भने दुई दर्जन बढी पत्रकारहरूको हत्या भएको देखिन्छ तर केही घटनाहरू मात्र अदालती प्रक्रियामा पुगेका छन् । पत्रकारहरू माथि धम्की र गिरफ्तारका घटनाहरू अझै रोकिएका छैनन् । अभिव्यक्ति स्वतन्त्रता र सूचनाको हकको सम्मान र संरक्षण गर्नु हरेक लोकतान्त्रिक सरकारको दायित्व हुन्छ । नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने उल्लेख गरेको छ ।

यसै क्रममा, ३३ किलो सुन प्रकरणमा पक्राउ परेका प्रहरी वरिष्ठ उपरीक्षक दिवेश लोहनीले आरोपीहरूको तस्वीर लिने क्रममा २०७५ वैशाख १९ गते सञ्चारकर्मीहरू ध्रुव भट्टराई र सुमन सुस्केरा माथि लात्ती प्रहार गरेको घटनाप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

स्वतन्त्र र भयरहित वातावरणमा पत्रकारिताको अभ्यास गर्न पाउने र आम नागरिकको सुसूचित हुन पाउने अधिकारको सम्मान गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

मोहना अन्सारी
सदस्य/प्रवक्ता


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnrpal.org, Website: www.nhrcnepal.org